# बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८

(मितिः २०६९/६/१६ को पहिलो संशोधन समेत)

**नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न तथा सोही ऐनको दफा ७९ को उपदफा (२) तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९ को प्रयोजनको लागि इजाजतपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।**

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी विनियमहरुको नाम "बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८" रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।♣

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा, -

(क) "ऐन" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ग) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्न बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम इजाजतपत्रप्राप्त गरेको बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(घ) "गाभिने कार्य" भन्नाले दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ङ) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरिलिन मन्जुर गरेको इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(च) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

---

♣ नेपाल राष्ट्र बैङ्कको संचालक समितिको मिति २०६८।१।२५ को २।२०६८ औं बैठकबाट स्वीकृत भई लागू भएको ।

(छ) "अन्य संस्था" भन्नाले यस बैङ्कबाट इजाजतपत्रप्राप्त नगरेको संगठित संस्था सम्झनु पर्छ ।

(ज) "कर्मचारी" भन्नाले गाभ्ने वा गाभिने प्रयोजनका लागि निर्णय गर्न बसेको साधारण सभा हुँदाका बखत ती संस्थाहरुमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(झ) "साहू" भन्नाले इजाजतपत्रप्राप्त संस्थालाई निक्षेप वाहेकको रकम ऋण सापटी दिने संस्था तथा व्यक्ति सम्झनु पर्छ ।

(ञ) "व्यवसाय" भन्नाले नाफा वा लाभको प्रयोजनका लागि गरिएको कुनै पनि काम कारवाही, त्यस्तो काम कारवाहीबाट प्राप्त गरिएको वा सोसँग सम्बन्धित वा सोको प्रयोजनका लागि प्रयोग गरिएको सम्पत्ति तथा यस्ता काम कारवाहीसँग प्राप्त अधिकार सम्झनु पर्छ ।

(ट) "सुरक्षण" भन्नाले बन्धकी वा अन्य कुनै शेयर, डिवेन्चर, विनिमयपत्र, प्रतिज्ञापत्र, जमानत, धितो वा धरौट लगायतका सुरक्षण निश्चित वा संरचनात्मक हाइपोथिकेसन, क्षतिपूर्ति बापत तत्काल लागू गरिएका वा भविष्यमा लागू हुनसक्ने भुक्तानी, ऋण वा दायित्वको सुरक्षा दिने सम्बन्धमा गरिएका कागजात सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य, योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

३. **उद्देश्य:** गाभ्ने वा गाभिने व्यवस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने ।

(ख) मुलुकको बैकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ताको हित संरक्षण गर्ने ।

(ग) वित्तीय प्रणालीको पुँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने ।

(घ) इजाजतपत्रप्राप्त संस्थाहरुको बैकिङ्ग, वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सुबिधा प्रदान गर्न सक्ने तुल्याउने ।

(ङ) लगानीकर्ताको हित संरक्षण गर्ने ।

४. **योग्यता :** (१) गाभ्ने वा गाभिने कार्यका लागि राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त गरेका "क","ख" र "ग" वर्गका बैङ्क तथा वित्तीय संस्था योग्य हुनेछन् ।

(२) सर्वसाधारणमा शेयर जारी गरिसकेका इजाजतपत्रप्राप्त संस्था र सर्वसाधारणमा शेयर जारी गरिनसकेका इजाजतपत्रप्राप्त संस्थाहरु समेत एक आपसमा गाभ्न गाभिन योग्य मानिने छन्।

तर गाभिए पछिको इजाजतपत्रप्राप्त संस्थाको कुल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जारी गर्ने व्यवस्था सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले मिलाउनु पर्नेछ ।

(३) "घ" वर्गका वित्तीय संस्था सोही वर्गकोसंस्थासँग मात्र गाभिन सक्नेछन् ।[1]

५. **प्रारम्भिक निवेदन दिने व्यवस्था** : (१) विनियम ४ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले ऐनको दफा ६९ को प्रक्रिया पूरा गरी एक आपसमा गाभ्न गाभिन चाहेमा गाभ्ने वा गाभिने कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना (एक्सन प्लान) सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम गाभ्ने वा गाभिने पारित प्रस्तावका आधारमा दुबै संचालक समितिको निर्णय सहित संयुक्त रुपमा राष्ट्र बैङ्क समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । सो निवेदनका साथ नेपाल धितोपत्र विनिमय बजार लिमिटेडबाट गाभ्ने वा गाभिने संस्थाको शेयर कारोवार रोक्का गरिएको पत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उप-विनियम (२) बमोजिमको निवेदन राष्ट्र बैङ्कले प्राप्त गरेपछि निवेदकहरुलाई पन्ध्र दिन भित्र प्रारम्भिक छलफलको लागि बोलाउनेछ ।

६. **सैद्धान्तिक सहमति** : गाभ्ने वा गाभिने प्रयोजनका लागि इजाजतपत्रप्राप्त संस्थाले विनियम ५ बमोजिम निवेदन दिएमा राष्ट्र बैङ्कले ऐनको दफा ६९ बमोजिमको प्रक्रिया पूरा गर्ने शर्त तथा संस्था गाभ्दा वा गाभिदा मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा आफू विश्वस्त भएमा आवश्यक प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति दिन सक्नेछ । यसरी सहमति दिंदा आवश्यक शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ ।

## परिच्छेद - ३
## सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

७. **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) राष्ट्र बैङ्कबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि गाभ्न वा गाभिन चाहने इजाजतपत्रप्राप्त संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्न आ-आफ्नो साधारण सभाबाट निर्णय गरी नियुक्त गरिएको वा साधारण सभाले अख्तियारी दिए बमोजिम संचालक समितिले नियुक्त गरेको मूल्याङ्कनकर्ताबाट सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ । राष्ट्र बैंकले आवश्यकता ठानेमा थप अवधिको मूल्याङ्कनका लागि समेत

[1] मितिः २०६९/०६/१६ मा संशोधित

निर्देशन दिन सक्नेछ ।

तर एक आपसमा गाभ्न गाभिन इच्छुक इजाजतपत्रप्राप्त संस्थाले सैद्धान्तिक सहमतिका लागि राष्ट्र बैंकमा निवेदन दिनु पूर्व समेत आवश्यकता अनुसार सम्पत्ति दायित्वको मूल्याङ्कन गर्न सक्ने छन् ।[२]

(२) मूल्याङ्कनकर्ताले सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गर्दा सो सम्बन्धी स्थापित मान्यता, आधार, मापदण्ड र/वा राष्ट्र बैङ्कले तोकेको शर्त बमोजिम सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उप-विनियम (२) बमोजिमको प्रतिवेदनमा मूल्यांकनकर्ताले इजाजतपत्रप्राप्त संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र त्यस्तो गाभ्ने वा गाभिने कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) पूँजी पर्याप्तता,
(ख) नेटवर्थ,
(ग) कर्जा वर्गीकरण,
(घ) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,
(ङ) प्रचलित कानून तथा नियमनको पालना स्थिति,
(च) तरलता विवरण,
(छ) जनशक्ति व्यवस्थापन,
(ज) सूचना प्रविधि,
(झ) व्यवसायको बजार अंश,
(ञ) शेयर आदान प्रदान अनुपात, र
(ट) बजारमूल्य

८. **सम्झौता सम्बन्धी व्यवस्था** : राष्ट्र बैङ्कबाट गाभ्ने वा गाभिने प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति प्राप्त गरेका इजाजतपत्रप्राप्त संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र, गाभिएपछि रहने नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र,

(ख) बैङ्क तथा वित्तीय संस्था गाभ्नु वा गाभिनुको आवश्यकता र औचित्य,

(ग) बैङ्क तथा वित्तीय संस्था गाभ्नु वा गाभिनुले बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असर,

(घ) निक्षेपकर्ताको हक हित संरक्षण गर्ने व्यवस्था,

(ङ) सर्वसाधारण शेयरधनी र अन्य साहूहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(च) बैङ्क तथा वित्तीय संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबारको व्यवस्थापन,

[२] मिति: २०६९/०६/१६ मा संशोधित

(छ) बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति,

(ज) संयुक्त लगानीका वैदेशिक लगानीकर्ता रहेको संस्थाको हकमा सम्बन्धित लगानीकर्ता संस्थाको सहमति पत्र,

(झ) गाभ्न वा गाभिन लाग्ने अनुमानित समयावधि,

(ञ) बैङ्क तथा वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, इजाजतपत्र तथा नयाँ बैङ्क वा वित्तीय संस्थाका रुपमा परिणत हुने वा गाभ्ने वा गाभिने संस्थाको नाम,

(ट) गाभिएपछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचना,

(ठ) गाभिएपछिको संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(ड) गाभ्ने वा गाभिने बैङ्क तथा वित्तीय संस्थाको शेयर आदान प्रदान अनुपात,

(ढ) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता,

(ण) प्रचलित कम्पनी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(त) प्रचलित धितोपत्र विनिमय बजारसँग सम्बन्धित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(थ) संस्थागत पुनर्संरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(द) गाभिएपछि कारोवार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

(ध) गाभ्ने वा गाभिने अनुमानित लागत रकम,

(न) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(प) राष्ट्र बैङ्कले तोकेका अन्य आवश्यक विषयहरु ।

९. **अन्तिम स्वीकृति सम्बन्धी व्यबस्था** : (१) गाभ्न वा गाभिनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएका संस्थाले विनियम ७ बमोजिमको प्रतिवेदन र विनियम ८ बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त राष्ट्र बैङ्कमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) गाभ्ने वा गाभिने सम्बन्धमा कुनै समझदारीपत्र (एम.ओ.यू) भए त्यस्तो समझदारीपत्र र गाभ्ने वा गाभिने समिति गठनको निर्णय,

(ग) गाभ्ने वा गाभिने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

(घ) गाभ्ने वा गाभिने संस्थाको नाम, ठेगाना र सो संस्थाको शेयर अनुपात निर्धारण सम्बन्धी निर्णयको प्रतिलिपि,

(ङ) गाभ्ने वा गाभिने सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना तथा गाभिएपछि कारोवार गर्ने मिति समेत खुलेको कार्यतालिका, र

(च) राष्ट्र बैङ्कले तोकेका अन्य कागजात तथा विवरण ।

(२) उप विनियम (१) बमोजिमको निवेदन उपर राष्ट्र बैङ्कले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले राष्ट्र बैङ्कमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उप विनियम (१) बमोजिमको निवेदन परेमा राष्ट्र बैङ्कले उक्त निवेदन, सो सँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संस्था एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनेछ ।

(४) उप विनियम (३) बमोजिम निर्णय लिंदा राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त संस्थासंग गाभ्ने वा गाभिने सम्बन्धमा परेको निवेदन, सो उपरको छलफल, सम्पत्ति मूल्याङ्कन प्रतिवेदन, तोकिएका आवश्यक शर्तहरु पालनाको स्थिति, आपसी सम्झौता विवरण, तथा सोबाट पर्ने प्रभावको विस्तृत अध्ययन गर्दा नेपालको बैंकिङ्ग तथा वित्तीय संरचना, बजार तथा बचतकर्ताहरुलाई नकारात्मक असर नपर्ने देखिएमा प्राप्त प्रस्ताव वा आवश्यक ठानेमा सो उपर आवश्यक परिवर्तन, हेरफेर, पुनर्विचार गर्न गराउन लगाई वा कुनै शर्त तोकी सोका आधारमा गाभ्ने वा गाभिने अन्तिम स्वीकृति दिन सक्नेछ र त्यस्तो स्वीकृति दिंदा राष्ट्र बैङ्कले आवश्यक शर्त तोक्न सक्नेछ ।

(५) दुई वा सो भन्दा बढी संस्था गाभ्दा वा गाभिंदा सोबाट बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा वा प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति वा सहमति लिनु पर्नेमा सो प्राप्त गर्न नसकेमा राष्ट्र बैङ्कले सोको कारण खोली त्यस्ता संस्थालाई गाभ्न वा गाभिन दिएको सैद्धान्तिक सहमति खारेज समेत गर्न सक्ने छ ।

(६) यस विनियमावली बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र इजाजतपत्रप्राप्त संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको वा थप म्याद प्रदान गरेको समयावधिभित्र उपलब्ध नगराएमा गाभ्न वा गाभिनको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन ।

तर पुन: दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) राष्ट्र बैङ्कले कुनै संस्था गाभ्ने वा गाभिने सम्बन्धमा आफूले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने तथा सम्पन्न भएपछि कारोवार थालनी गर्ने मिति समेतको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि निर्णय भएको तीस दिनभित्र राष्ट्रियस्तरको दैनिक पत्रिकामा कस्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना सम्बन्धित संस्थाले समेत सो सम्बन्धमा निर्णय प्राप्त गरेको मितिले सात दिनभित्र सर्वसाधारणको

जानकारीका लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

**१०. स्वीकृतिको प्रभाव :** (१) कुनै संस्थाले गाभ्ने वा गाभिने अन्तिम स्वीकृति प्राप्त गरी सकेपछि उक्त संस्थाको पुँजी तथा शेयर स्वामित्वको संरचनामा हुने परिवर्तनलाई संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा समेत सोही अनुरुप संशोधन गरी राष्ट्र बैङ्क तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) राष्ट्र बैङ्कले कुनै संस्था एक आपसमा गाभ्न वा गाभिन ऐन तथा यस विनियमावली बमोजिम स्वीकृति दिएमा गाभिने संस्थाको सम्पूर्ण जायजेथा तथा दायित्व गाभ्ने संस्थामा सर्नेछ । यसरी गाभ्दा गाभिने संस्थाको नाममा रहेको सम्झौता बमोजिमको कुनै पनि जग्गा जमिन वा जग्गा जमीनमा रहेको हक वा उक्त संस्थाको कुनै अन्य संस्थामा रहेको लगानी, हक वा शेयर भए सो समेत गाभ्ने वा नयाँ संस्थाको स्वामित्वमा सार्न सो सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो कामकारवाही गर्ने निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ । गाभिने संस्थाको नाममा कुनै सम्पत्ति वा व्यवसाय मुलुक बाहिर रहेको भएमा त्यस्तो सम्पत्ति वा व्यवसाय रहेको मुलुक र नेपाल राज्य बीच त्यस्तो आदेश वा निर्णय कार्यान्वयन सम्बन्धी कुनै सम्झौता भएको भए सो बमोजिमको त्यस्तो आदेश वा निर्णय स्वतः कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(३) कुनै संस्थाले अर्को कुनै संस्थासँग गाभ्न वा गाभिन गरेको सम्झौता वा सो बमोजिमको कुनै व्यवस्था प्रभावित भएमा वा प्रभावित हुने लागेमा सम्बन्धित संस्थाले आफ्नो जानकारीमा आएका सम्पूर्ण विवरण समावेश गरी राष्ट्र बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(४) राष्ट्र बैङ्कले संस्था गाभ्ने वा गाभिने प्रक्रियाको अनुगमन गर्नेछ । अनुगमनका क्रममा उक्त प्रक्रिया, सम्झौता, राष्ट्र बैङ्कको निर्देशन तथा प्रचलित कानूनको पालना तथा कुनै थप काम कुराको आवश्यकता भए सो कार्य गर्न समेत आवश्यक निर्देशन दिनेछ ।

## परिच्छेद - ४

## छुट सम्बन्धी व्यवस्था

**११. इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिंदा प्रदान गरिने छुट :** (१) इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिंदा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :-

(क) संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने कार्य गर्दा पूँजी संरचनामा हुन आउने परिवर्तनमा प्रचलित कानून बमोजिम हुने गरी पूँजी संरचना कायम गर्न ।

(ख) संस्था गाभिएपछि सो गाभ्ने सिलसिलामा संस्थाको कुनैपनि संस्थापकको स्वामित्व प्रतिशत तोकिएको अधिकतम भन्दा बढी हुन गएमा सो लाई सीमाभित्र ल्याउन पाँच वर्षको समयावधि ।

(ग) संस्था गाभिएको कारणबाट साविकमा प्रवाह भैसकेको नियमित कर्जा रकम राष्ट्र बैङ्कको निर्देशन विपरित हुनसक्ने अवस्था सृजना हुन गएमा सो

अवस्थालाई नियमित गर्न भुक्तानी अवधि वा तीन वर्ष जुन अघि हुन्छ सो सम्मको समयावधि ।

(घ) गाभ्ने वा गाभिने कार्यबाट सिर्जित संस्थाको स्रोत परिचालन (स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी) मा कुल स्वदेशी कर्जा सापटको अंश असी प्रतिशत नाघ्न गएमा गाभिएको तीन वर्षभित्र असी प्रतिशतमा ल्याइसक्न ।

(ङ) बैङ्क तथा वित्तीय संस्थाको एक प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेका संस्थापक वा संस्थापक समूहका शेयरधनीहरूले आफूले धारण गरेको संस्थापक शेयर धितो राखी कर्जा लिएको भएमा कुल शेयरको पचास प्रतिशतको सीमामा ल्याउनु पर्ने व्यवस्थामा थप तीन वर्षको समयावधि ।

(च) गाभ्ने र गाभिने संस्था गाभिए कै कारणले राष्ट्र बैङ्कले तोकेको विपन्न वर्ग कर्जा सम्बन्धी व्यवस्था पूर्ण रुपले पालना गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यवस्थाको पूर्ण पालना गर्न तीन वर्षसम्मको समयावधि ।

(छ) संस्था एक आपसमा गाभिंदा अवस्था हेरी गाभिएको तीन वर्षसम्म राष्ट्र बैङ्कको शाखा स्थापना सम्वन्धी नीतिगत व्यवस्था बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका तोकिएका जिल्लाहरुमा शाखा स्थापना गर्नु पर्ने अनिवार्य व्यवस्थामा छुट ।

(ज) गाभ्ने र गाभिने संस्थाले गाभिएपछि राष्ट्र बैङ्कबाट जारी गरिएको लगानी सम्बन्धी निर्देशन बमोजिम कुनै एक संगठित संस्थाको शेयर तथा डिबेन्चरमा लगानी गर्ने सीमा दश प्रतिशत रहेकोमा सो सीमाभन्दा बढी भएमा सो लगानीलाई तोकिएको सीमाभित्र ल्याउन दुई वर्षको समयावधि ।

(झ) दुई वा सो भन्दा बढी संस्था गाभिंदा राष्ट्र बैङ्कले माथिल्लो वर्ग/कार्यक्षेत्रको लागि तोकेको न्यूनतम चुक्ता पूँजी पूरा गरी माथिल्लो वर्ग/कार्यक्षेत्रको संस्थामा परिणत हुन चाही स्तरोन्नति समेतका लागि आवेदन गरेमा आवश्यक प्रक्रिया तथा पूर्वाधार तयार भएको आधारमा स्तरोन्नति/कार्यक्षेत्र विस्तारका लागि प्राथमिकता ।

(ञ) गाभ्ने र गाभिने संस्था गाभिएपछि गाभ्ने र गाभिने कार्यबाट संस्थाको कर्मचारी सुविधा तथा प्रमुख कार्यकारीको पारिश्रमिक सम्बन्धी व्यवस्थामा कुनै बाधा उत्पन्न भएमा सो वाधा फुकाउ तथा विद्यमान कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने योजनाहरुलाई कार्यान्वयन गर्न ।

(ट) गाभ्ने संस्थालाई गाभ्न स्वीकृति प्राप्त गरेको मितिले तीन वर्षको अवधिसम्म राष्ट्र बैङ्कले प्रदान गर्ने स्थायी तरलता सुविधामा लाग्ने पेनाल दरमा पचास प्रतिशत छुट ।

(ठ) गाभ्ने संस्थालाई गाभ्न स्वीकृति प्रदान गरेको मितिले गाभिएको तीन वर्षको अवधिसम्म राष्ट्र बैङ्कले प्रदान गर्ने स्थायी तरलता सुविधाको प्रयोग गर्ने अवधि हाल कायम रहेको पाँच दिनको सट्टामा तीस दिन कायम गर्न ।

(ड) गाभिएको तीन वर्षको अवधिसम्म राष्ट्र बैङ्कले प्रदान गर्ने सामान्य पुनरकर्जा सुविधा उपलब्ध गराउँदा प्रचलित व्याजदरमा एक प्रतिशत विन्दुले छुट ।

(ढ) माथि उल्लिखित छुटका अतिरिक्त गाभ्ने वा गाभिने संस्थालाई गाभिएपछि औचित्यता हेरी थप अन्य छुट ।

(२) गाभ्ने र गाभिने कार्यलाई प्रोत्साहन दिन गाभिएको कारणले कुनै सम्पत्तिमा नोक्सान हुन गएमा सो नोक्सानमा कर छुट, अन्य कर सम्बन्धी छुट तथा नेपाल सरकारबाट हुन सक्ने अन्य छुटका लागि राष्ट्र बैङ्कले नेपाल सरकार समक्ष आवश्यक सिफारिस गरिदिन सक्नेछ ।

## परिच्छेद - ५

## विविध व्यवस्था

१२. **गाभ्ने वा गाभिने निर्देशन सम्बन्धी व्यवस्था** : राष्ट्र बैङ्कले देहायको अवस्था देखिएमा इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन वा सुझाव दिई गाभ्न वा गाभिन लगाउन सक्नेछ :-

(क) राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त संस्थाहरु मध्ये एकै समूहका व्यक्ति, फर्म, कम्पनीका एक भन्दा बढी संस्थाहरु सञ्चालनमा रही अस्वस्थ वित्तीय सम्बन्ध कायम रहेको अवस्थामा

(ख) तीन आर्थिक वर्षसम्म लगातार कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात पाँच प्रतिशतभन्दा बढी कायम रही रहेको अवस्था भएमा ।

(ग) तीन पटक वा सो भन्दा बढी शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ बमोजिमको कारवाही भएमा ।

(घ) ऐनको दफा ३७ को उपदफा (१) बमोजिमका कार्यहरु भए गरेको पाइएमा ।

(ङ) प्रणालीगत जोखिम (सिस्टेमिक रिक्स) बढ्दै गई इजाजतपत्रप्राप्त संस्थाहरुले दायित्व भुक्तानी गर्न सक्षम नभएमा ।

(च) बैङ्क तथा वित्तीय संस्थाहरुलाई यथास्थितिमा सञ्चालन गराउँदा त्यसको नकारात्मक प्रभावले समग्र वित्तीय प्रणालीमा प्रतिकूल असर पर्ने देखिएमा ।

(छ) प्रणालीगत महत्वका दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा गाभ्दा वा गाभिंदा समग्र वित्तीय प्रणाली सुदृढ हुने देखिएमा ।

१३. **विविध** : (१) विद्यमान पूँजी संरचना समेत परिवर्तन गरी एक आपसमा गाभ्न वा गाभिनको लागि सैद्धान्तिक सहमति पाउँ भनी वा प्रस्तावित कार्ययोजना सहितको निवेदन दिएका संस्थाहरुले प्रचलित कानूनी व्यवस्था अनुसार पहिले पूँजी संरचना परिवर्तन सम्बन्धी प्रस्ताव उपरको कारवाही टुंगो लगाएपछि मात्र गाभ्न वा गाभिनको लागि निवेदन दिनुपर्नेछ ।

(२) कुनै संस्था अर्को कुनै संस्थासँग गाभ्दा वा गाभिदा आंशिक रुपमा गाभ्न वा गाभिन पाइने छैन ।

(३) गाभ्ने संस्थाले गाभिने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन अन्तिम स्वीकृति दिएपछि ऐन तथा यस विनियमावली बमोजिम गाभ्ने वा गाभिने कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको, प्रचलित कानुन अनुसार त्यस्तो कार्य नगरेको तथा विशेष परिस्थिति देखिएको अवस्थामा इजाजतपत्रप्राप्त संस्थालाई दिइएको स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

(५) कुनै इजाजतपत्रप्राप्त संस्थाबाट गाभ्ने वा गाभिने कार्यको सिलसिलामा कुनै गलत काम कारवाही भएको पाइएमा वा गरेमा त्यस्तो गलत काम कारवाही गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

(६) यो विनियमावली आवश्यकता अनुसार सरकारी, अर्धसरकारी, वैदेशिक सहभगिताका तथा निजी क्षेत्र सबै किसिमका इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थालाई लागू हुनेछ ।

(७) यस विनियमावलीमा उल्लिखित छुट तथा सहुलियत लगायतका प्रावधानहरु गाभ्ने र गाभिने संस्थालाई मात्र लागू हुनेछ ।

(८) गाभ्ने र गाभिने संस्थाहरु बीच कुनै विवाद परेमा राष्ट्र बैंकले ऐनको दफा ७८ बमोजिम त्यस्तो विवाद समाधान गरिदिन सक्नेछ ।

*अनुसूची १*

श्री नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
बैङ्क तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

बिषयः गाभ्न⁄गाभिन सैद्धान्तिक सहमति पाउँ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................................... बैङ्क⁄वित्तीय संस्था, विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................. बैङ्क⁄वित्तीय संस्था र विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको ................ बैङ्क⁄वित्तीय संस्था बिच गाभ्न⁄गाभिन सहमति भएकोले सैद्धान्तिक सहमति पाउन त्यस बैङ्कको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान.......संलग्न छन् ।*

| भवदीय, | भवदीय, | भवदीय, |
|---|---|---|
| .................................... | ........................................... | ....................................... |
| (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः | संस्थाको छापः |